# उच्च अदालत जनकपुर
## राजविराज इजलास

मितिः २०७८।०४।१४

### विषयः- अदालतको कामकारवाही सूचारु हुने सम्वन्धी

# सूचना ।

सर्वोच्च अदालतको मिति २०७८/०३/३१ को पूर्ण बैठक र मिति २०७८/०४/०१ गते प्रकाशित सूचना बमोजिम सर्वोच्च अदालतबाट मिति २०७८/०४/१५ गते देखि सबै प्रकारका सेवा सुचारु हुने सूचनाको सन्दर्भमा उच्च अदालत जनकपुर राजविराज इजलासबाट सुचारु हुने सेवाहरुको सम्वन्धमा देहायबमोजिम हुने भएको ब्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको सन्दर्भमा यसको संक्रमणको रोकथामका लागि अपनाउनुपर्ने सम्पूर्ण स्वास्थ्य मापदण्डको पालना सेवाग्राही, कानूनव्यवसायी, अदालतका कर्मचारी एवं न्यायाधीश सबैले गर्ने ब्यवस्था मिलाई यस अदालतबाट संचालन हुने सबै प्रकारका सेवाहरु मिति २०७८।०४।१५ गते देखि सुचारु हुने ।

२) मुद्दाका पक्षको म्याद र हदम्यादका सम्वन्धमा मिति २०७८/०१/२१ देखि २०७८/०४/१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउने कार्यका लागि मिति २०७८/०४/१५ गते देखि लागु हुने गरि ३० दिन भित्रको समयमा यस अदालतमा उपस्थित हुनुपर्ने । म्याद, तारिख थाम्ने थमाउने बिषयमा सेवाग्राही हरुको भीड भढ्न गई संक्रमणको जोखिम हुनसक्ने अवस्थालाई ध्यानमा राखि देहाय बमोजिमको तारिख व्यवस्थापन गरिएको ।

| मुद्दाका पक्षको यस अदालतमा तारिख रहेको मितिः | मुद्दाका पक्षले तारिख थाम्न थमाउन आउनुपर्ने तोकिएको मितिः |
|---|---|
| मिति २०७८।०१।२२ | मिति २०७८।०४।१५ गते शुक्रवार |
| मिति २०७८।०१।२३, २४ र २६ | मिति २०७८।०४।१७ गते आइतवार |
| मिति २०७८।०१।२७ र २८ | मिति २०७८।०४।१८ गते सोमवार |
| मिति२०७८।०१।२९, ३० र ३१ | मिति २०७८।०४।१९ गते मंगलवार |

| | |
|---|---|
| मिति २०७८।०२।०२ | मिति २०७८।०४।२० गते बुधवार |
| मिति २०७८।०२।०३, ०४, ०५, ०६ र ०७ | मिति २०७८।०४।२१ गते बिहीवार |
| मिति २०७८।०२।०९ | मिति २०७८।०४।२२ गते शुक्रवार |
| मिति २०७८।०२।१०, ११, १२, १३ र १४ | मिति २०७८।०४।२५ गते सोमवार |
| मिति २०७८।०२।१६, १७, १८, १९ र २० | मिति २०७८।०४।२६ गते मंगलवार |
| मिति २०७८।०२।२१, २२, २३, १४, २५ र २६ | मिति २०७८।०४।२७ गते बुधवार |
| मिति २०७८।०२।२७, २८, ३० र ३१ | मिति२०७८।०४।२८ गते बिहीबार |
| मिति २०७८।०३।०१ गते पछिका सम्पूर्ण तारेख भएका पक्षहरुको | मिति २०७८।०४।२९ गते शुक्रवार र ०७८।०४।३१ गते आइतबार र ०७८।०४।३२ गते सोमबार |
| तोकिएको अवधी पश्चात तोकिएको समयमा तारिख लिन छुट भएका पक्षहरुले मिति २०७८।०५।०१ गते मंगलबार देखि मिति २०७८।०५।१३ गते आइतबारका दिनसम्म कार्यालय समयभित्र अदालतमा उपस्थित भई तारिख लिन सकिनेछ । | |

३) कोरोना संक्रमणको अवस्थालाई ध्यानमा राखि हाललाई थुनुवा र अठार महिना नाघेका मुद्दाहरुलाई प्राथमिकता दिई दैनिक रुपमा ३० थान मुद्दामा नबढ्नेगरी र इजलासमा न्यूनतम व्यक्तिलाई स्वास्थ्य मापदण्ड पालना गरेर मात्र प्रवेश गराउने गरी देहाय बमोजिमको पेशी व्यवस्थापन गरिएको ।

| | |
|---|---|
| प्रत्येक आइतवार | रिट निवेदनको सुनुवाई |
| सोमवार, मंगलवार, बुधवार | पुनरावेदन उपरको सुनुवाई |
| विहिवार | वेरितको आदेश र सो मा भएको कैफियत प्रतिवेदन उपरको सुनुवाई |
| शुक्रवार | झ.झि नभएको मुद्दाको सुनुवाई |

अदालत प्रशासन